# २०७० सालको पुरस्कार जगदम्बाश्रीद्वारा सम्मानित श्री शिव रेग्मीको उद्गार

**आदरणीय अध्यक्षज्यू, उपस्थित विशिष्ट साहित्य अनुरागहरू तथा मदन पुरस्कार, विजयी राधा पौडेलजी,**

२०७१ सालको जगदम्बाश्री पुरस्कारद्वारा पुरस्कृत हुन पाएकोमा सर्वप्रथम मदन पुरस्कार गुठीप्रति हार्दिक आभार प्रकट गर्छु।

मेरो जन्म साहित्यिक मानिसहरू बसोबास भएको टोल ठमेलमा भएको हो। मेरो बाल्य जीवनदेखि उहाँहरूको दर्शनले मलाई साहित्यप्रति रूचि बढाएको मेरो अनुभव छ। साक्षर हुनु अघिनै–

> "हा रामचन्द्र ! कति जन्म बिताइ पैले",
> "बालक बबुरो द्विज शुकनामा"
> "नछाडी जानोस् हे मेरा प्राण ! अकेली मलाई"

जस्ता श्लोकहरू कंठ थिए। मेरो पाठ्यपुस्तक पढाई सँगसँगै जस्तो घरमा रहेका साहित्यिक पुस्तक पढ्ने बानीको थालनी भएको थियो। यता स्कूलमा पनि साहित्यिक गुरुहरू र त्यतिखेरका नेपाली पाठ्यपुस्तक बढी साहित्य सम्बन्धी नै हुन्थे। २०१५ सालमा एस.एल.सी. दिंदासम्म म पाठ्यपुस्तकमा भन्दा साहित्यिक पुस्तकहरूमा बलियो

थिएँ। कसैले भन्छु - घर, टोल र स्कूलले साहित्यतिर डोऱ्याउन ठूलो सहयोग गऱ्यो। पुस्तक पढ्ने रहर घर अघिल्तिर रहेको नवीन विकास मण्डल पुस्तकालयदेखि विप्लवी पुस्तकालय, प्रदीप पुस्तकालय, ज्ञानविकास पुस्तकालय र राष्ट्रिय पुस्तकालयसम्म ल्याइपुऱ्यायो।

पत्रपत्रिकाको कुरा गर्दा 'शारदा', 'उद्योग', 'उदय', 'भारती', 'धरती' आदि फुटकर रूपमा पढ्थें। यही पढाईको क्रममा २०१५ सालदेखि निस्लेका आफूले पढेंका साहित्यिक पत्रिकाका सङ्कलनतिर पनि प्रयास गर्न थालें। २०१७ सालमा 'रुपरेखा' प्रकाशन गर्ने क्रममा आफू पनि प्रत्यक्ष रूपले संलग्न रहेको हुनाले 'रूपरेखा', 'रचना', 'रत्नश्री', 'मुकुट' हरू बटुल्न थालें। यही क्रममा पहिले आफूले पढेका तर आफूसँग नरहेका पत्रपत्रिका सेट मिलाउन समेत थालें। हाल मसँग झण्डै दुईचार थरिका फुटकर पत्रपत्रिका होलान्।

लेखन यात्रा मेरो २०२१ सालबाट कविता, कथा, समीक्षा, विवेचना हुँदै खोज अनुसन्धानतिर मोडिएको हो। यसैबीच म आफूसँग रहे का पुराना पत्रपत्रिकाको इतिहास लेखनतिर बढ्दैछु। यसक्रममा 'अतीतको पाना' र 'खोजीनीति' फुटकर पत्रपत्रिका इतिहास प्रकाशित छन् भने सङ्कलन, सम्पादनका रूपमा 'शारदा'का सम्पादकीय टिप्पणीहरू 'महाकवि देवकोटाका भूमिका र निबन्ध', 'नेपाली कविताका भूमिका' आदि प्रकाशित छन्।

अन्त्यमा मेरा आफ्ना एकोहोरो गन्थन धैर्यसाथ सुनिदिनु भएकोमा हार्दिक धन्यवाद अर्पण गर्दछु !